रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वागमती प्रदेश  रत्ननगर चितवन

# रत्ननगर  बकुल्लर अस्पतालका लागि मेसिनरी उपकरण सामान खरिद सम्बन्धि शिलबन्दी  बोलपत्र आव्हानको सुचना

## (प्रथम पटक सुचना प्रकाशित मिति : २०७८/०२/१४)

१) बोलपत्र सम्बन्धि कागजातहरु  प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा रु . ३,००० (फिर्ता नहुने गरि ) राष्ट्रिय वाणिज्य वैङ्क टाँडी मा रहेको आन्तरिक राजस्व खाता नं (ग-१-१) १८३०१००३०१०१०००३ **जम्मा गरि** चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, व्यबसायी प्रमाणपत्र **वा ईजाजत पत्र**, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी बोलपत्रफाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र फाराम रत्ननगर नगरकार्यपालिकाको कार्यालय,रत्ननगरमा निबेदन पेश गरी खरिद गर्न सकिनेछ।

२) बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

३) मिति २०७८/०२/२९  गते दिनको १२:०० बजे भित्र आफैंले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४) बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर,**टाँडी मा रहेको** राष्ट्रिय **वाणिज्य** बैंकको धरौटी खाता नं.१८३०१००३०३००००३ मा दाखिला गरेको सक्कलै भौचर जम्मा गरेको वा क बर्गको बैकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत बोलपत्रदाताले स्वीकृत जम्मा अंकको २.५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने  छैन।

५) बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ। बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ।साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र साथ आपूर्ति गर्ने **सामानहरु** WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राविधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ।

६) कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ।

७) सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ड) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ।

८)  एक आपसमा  मिलेमतो गरी बोलपत्र दाखिला  गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन।

९) बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ।बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक ब्यक्तिको  सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ। साथै बोलपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र  नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

१०) यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ। बिस्तृत जानकारीको लागी रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर, चितवनमा कार्यालय समय भित्र **स्वास्थ्य वा जिन्शी शाखामा** सम्पर्क राख्न सकिनेछ।

तपशिल

| सि.नं. | ठेक्का नं | विवरण | परिमाण | स्फेसिफिकेसन | लागत अनुमान मुअ कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | RAT/CHITWAN /health/२/Goods/ ७७/०७८ | ICU Ventilator | 2 pis | US FDA Approved | 45,00000 (रु पैतालिस लाख मात्र मुअ कर सहित) | 113000 (रु एक लाख तेह्र हजार मात्र) | |

प्रमुख प्रशासकिय अधिकृत